नेपाल सरकार

अर्थ मन्त्रालय

# भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौं

## आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्सको मान्यता प्राप्त गर्नका लागि दरखास्त आह्वानको सूचना !

**सूचना प्रकाशन मिति: २०८२/०६/२४**

१ आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्स सम्बन्धी कार्यविधि, २०८२ को दफा ३ बमोजिम आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्सको रुपमा मान्यता प्राप्त गर्न देहायका मापदण्ड पुरा गरेका व्यक्ति/संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र यस विभागमा प्राप्त हुने गरी आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्स सम्बन्धी कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(क) विगत पाँच वर्षदेखि नियमित रुपमा निकासी वा पैठारी कारोबारमा संलग्न भएको,

(ख) पछिल्लो तीन आर्थिक वर्षमा औषतमा निकासीतर्फ कम्तीमा पचास करोड वा पैठारीतर्फ कम्तीमा पाँच अर्ब मूल्यको कारोबार भएको, (सार्वजनिक संस्थानको हकमा यो बुँदा आकर्षित नहुने)

(ग) विगत तीन वर्षको अवधिमा भन्सार सम्बन्धी कानूनको परिपालना गरेको,

(घ) व्यवसायको आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था भएको,

(ङ) व्यवसायको लेखा प्रणाली तथा अभिलेख व्यवस्थित रुपमा राखेको,

(च) नेपाल सरकारलाई तिर्नु वा बुझाउनु पर्ने भन्सार महसुल, आयकर, मूल्य अभिबृद्धि कर, अन्त:शुल्क लगायत सबै किसिमका कर, दस्तुर, शुल्क, बक्यौता र बेरुजु रकम बाँकी नरहेको स्वघोषणा तथा कर चुक्ता प्रमाण-पत्र,

(छ) सम्बन्धित व्यक्ति/हिताधिकारीले फौजदारी कसुरमा सजाय पाएको भए सजाय भुक्तान भएको पाँच वर्ष व्यतीत भएको स्वघोषणा,

(ज) पहिले दिइएको आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्सको मान्यता खारेज भएको मितिले दुई वर्ष पुरा भएको ।

२. दरखास्तसाथ बुँदा १ मा उल्लिखित मापदण्ड पुष्ट्याइ हुने कागजात तथा विवरण पेश गर्नु पर्नेछ ।

३. दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन दरखास्त दिन सकिनेछ ।

४. विभागले दरखास्त अस्वीकृत गरेको वा थप कागजात माग गरेको सूचना दरखास्तवालालाई इमेलबाट समेत दिन सक्नेछ ।

५. आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्सको रुपमा मान्यता प्रदान गर्ने निर्णय भएको जानकारी दरखास्तवालालाई फोन/इमेलमार्फत दिइने छ ।

**नोट :** सार्वजनिक संस्थानको हकमा सम्बन्धित मन्त्रालयको सिफारिस समेत संलग्न गर्नु पर्नेछ ।

*(आधिकारिक व्यावसायिक व्यक्ति/ट्रष्टेड ट्रेडर्स सम्बन्धी कार्यविधि, २०८२ तथा यस सम्बन्धी अन्य थप जानकारीका लागि भन्सार विभागको Website: http://www.customs.gov.np मा हेर्नुहोला ।*